**श्री थाइल्याण्ड, सिंगापुर, क्याम्बोडिया, ब्रुनाई तथा लाओसस्थित नेपाली नागरिकरसंघरसंगठनहरु**

**यस राजदूतावाससँग निकटस्थ भई स्वयम् सेवकको रुपमा काम गर्ने साथीहरु।**

**१५ बैशाख २०७१ देखि लागू हुनेगरी नयाँ राहदानी आवेदन फाराम प्रचलनमा ल्याइएकोले अवदेखि पुरानो फारामको सट्टा नयाँ फाराम भर्नु पर्ने र हातले भरेको फाराम मान्य नहुने भएको छ। नयाँ राहदानी फाराम कसरी Download गर्ने र भर्ने भन्ने सम्बन्धमा तल विस्तृत रुपमा उल्लेख गरिएको छ। कृपया ध्यानपूर्वक हेरेर मात्र भर्नु होला। यस सम्बन्धी कुनै थप जानकारी चाहिएमा वा कुनै कुरा प्रष्ट नभएमा कृपया फोन वा इमेलबाट सम्पर्क गर्नु हुन तथा यो जानकारी यथासक्य धेरै नेपाली नागरिकहरुलाई गराउनु हुन अनुरोध छ। राजदूतावासको Website तथा हालै खोलिएको Fcebook पेज बाट पनि यस सम्बन्धी जानकारी नियमित रुपमा Update गरिने व्यहोरा समेत अनुरोध छ। बारंबार फोन तथा इमेलबाट सोधनी भइरहका बिषयहरुलाई ध्यान दिई राहदानी, यात्राअनुमतिपत्र लगायतका बिषयमा जानकारी दिइएको छ । केही सुझाब भएमा कृपया इमेल मार्फत पठाउनु हुन अनुरोध गरिन्छ।**

**नेपाली राजदूतावास**

**फोन ००६६२३९०२२८ वा ००६६२३९१७२४०**

**बैंकक।**

**१ जुलाई २०१४**

## राहदानी सम्बन्धी केही महत्वपूर्ण जानकारीहरु

### राहदानीका लागि निवेदन दिँदा संलग्न गर्नुपन कागजातहरुः

क) रीतपूर्वक भरिएको दरखास्त फाराम २ प्रति,

ख) आफुसँग **रहेको सक्कल** राहदानी र त्यसको दुई प्रति प्रतिलिपि

ख) नेपाली **नागरिकताको प्रमाणपत्रको सक्कल** र सोको दुई प्रति प्रतिलिपि,

ग) ६ महिनाभित्र खिचेको नियमावलीको अनुसूची ३ मा उल्लिखित विवरणअनुसारको रङ्गीन फोटो ४ प्रति,

घ) राहदानी दस्तूरः थाइल्याण्डमा रहेका नेपाली नागरिकहरुले यस राजदूतावासमा फाराम बुझाउँदा प्रति व्यक्ति ३,५०० थाई भाट् र सिंगापुर, क्याम्बोडिया, ब्रुनाइ र लाओसबाट पठाउने व्यक्तिले नेपाली राजदूतावास, बैंकको नाममा अमेरिकी डलर ८० वराबरको **DBS वा HSBC** बैंकको ड्राफ्ट पठाउनु हुन।

ङ)	नाबालिगको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको नाबालिग परिचयपत्र र निजको बाबु **र** आमामध्ये कुनै एक जनाको नागरिकताको प्रमाण पत्र र सोको प्रतिलिपि । संरक्षक नियुक्त भएकोमा संरक्षक भएको ब्यहोरा खुल्ने लिखतको सक्कल प्रति र संरक्षकको नागरिकताको प्रमाणपत्र तथा त्यसको प्रतिलिपि ।

**हस्तलिखित राहदानी वहाल रहे पनि Machne Readable राहदानी लिन सकिने :**

➢	ICAO को नियमअनुसार २४ नोभेम्बर २०१५ भित्र हस्तलिखित राहदानी लिनु पर्ने हुन्छ । अत: म्याद छदै सकेसम्म चाडो MRP को लागि निवेदन दिनु हुन अनुरोध छ । राहदानी बनेर आउन समय लाग्ने हुनाले समय मै राहदानीको लागि फाराम बुझाउन हुन ।

➢	पूरानो राहदानीको म्याद समाप्त भएको वा राहदानीका सबै पानाहरु भरिन गएको भए राहदानी वहाल रहने अवधि बाँकी भए तापनि नयाँ राहदानीका लागि निवेदन दिन सकिनेछ । त्यसरी नयाँ राहदानी लिनु पर्दा माथि दफा ३ मा उल्लेख भएका कागजपत्रको अतिरिक्त पूरानो राहदानीको सक्कलै प्रति र एक प्रति प्रतिलिपि संलग्न गर्नुपर्नेछ । यसरी राहदानी जारी गर्दा निवेदकको पूरानो राहदानी रद्द गरी नयाँ राहदानी जारी गर्न सकिनेछ ।

➢	राहदानी च्यातिई, झुत्रो भइ, केरमेट भइ, जलेर वा भिजेर प्रयोग गर्न नसकिने भएको कारणले नयाँ राहदानी लिनुपरेमा त्यस्तो राहदानी जे जुन अवस्थामा छ सोही अवस्थामा सक्कलै पेश गर्नुपर्नेछ । **त्यस्तो अवस्थामा डबल दस्तुर लाग्ने छ ।**

**राहदानी हराएमा:**

राहदानी हराएको कारणले नयाँ राहदानी लिनुपर्दा अन्य तोकिएका कागजातको अतिरिक्त निम्न कागजात समेत पेश गर्नु पर्ने छ :

राहदानी हराएको पुष्टि हुनेगरी नाम र राहदानी नम्वर प्रष्ट उल्लेख भएको स्थानीय प्रहरी कार्यालयले दिएको प्रतिवेदन । यस्तो अवस्थामा दस्तुर डव्वल लाग्ने छ ।

**राहदानी जारी गर्न इन्कार गर्न सकिने अवस्था:**

(१)	सम्बन्धित निकायबाट लेखिआएमा देहायका व्यक्तिलाई कार्यालयले राहदानी जारी गर्न इन्कार गर्न सक्नेछ :-

(क)	राहदानी तथा अध्यागमन सम्बन्धी कसूरमा कानूनबमोजिम मुद्दा चलिरहेको वा अदालतबाट कसूरदार ठहर भई सजाय भोगी रहेको,

(ख)	बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न नसकी प्रचलित कानूनबमोजिम कालोसूचीमा परेको,

(ग)	भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरणको अभियोगमा मुद्दा चलिरहेको वा अदालतबाट कसुरदार ठहर भइ सजाय भोगि रहेको,

(घ) मानव बेचबिखन वा अपहरण वा लागू औषधिको कारोवार सम्बन्धी कसूरमा मुद्दा चलिरहेको वा अदालतबाट कसूरदार ठहर भई सजाय भोगिरहेको,

(ङ) अदालतबाट विदेश जान रोक लगाएको वा राहदानी जारी नगर्न आदेश भएको,

(च) कानूनबमोजिम राहदानी रोक्का राख्ने वा जारी नगर्ने व्यवस्था भएको ।

## कागजात छानविन सम्बन्धी व्यवस्था:

(१) निवेदन साथ पेश भएका नेपाली नागरिकताको प्रमाणपत्र/नाता प्रमाणित कागजपत्र/विवाह दर्ता प्रमाणपत्र/नावालिग प्रमाणपत्र वा अन्य कुनै प्रमाण वा कागजातको सत्यताबारे राहदानी जारी गर्ने अधिकृतलाई शंका लागेमा सम्बन्धित कार्यालयमार्फत् त्यसको सत्यताबारे छानबिन गराउन सक्नेछ ।

(२) निवेदन साथ प्रतिलिपि नागरिकताको प्रमाणपत्र पेश गरिएको अवस्थामा आवश्यक देखिएमा सम्बन्धित निकायबाट त्यस्तो नागरिकताको प्रमाणपत्रको आधिकारिकता प्रमाणित भई आएपछि मात्र राहदानी जारी गरिनेछ ।

(३) निवेदकले पेश गरेको पूरानो राहदानीमा अनधिकृत तरीकाले फेरबदल गरेको वा अन्य कारणबाट राहदानी जारी गर्ने अधिकृतलाई सो राहदानीको सत्यताबारे शंका लागेमा त्यस्तो राहदानी जारी गर्ने निकायबाट सत्यता प्रमाणित भई आएपछि मात्र नयाँ राहदानी जारी गरिनेछ ।

(४) आवश्यक देखिएमा कार्यालयले राहदानी निवेदकको बारेमा प्रहरी प्रतिवेदन लिन सक्नेछ ।

## द्रुत सेवा सम्बन्धी:

(१) राजदूतावास तथा नियोगहरु मार्फत द्रूत सेवा दिन सकिने छैन ।

## राहदानीको निवेदन फाराम भर्ने तरिका:

(क) राहदानीको लागि जुन कार्यालयमा निवेदन पेश गरिएको हो सो कार्यालयको नाम उल्लेख गर्नुपर्नेछ ।

फाराम भर्दा

१ राहदानी विभागको वेवसाइट www.dopmofa.gov.np (वा) www.cpo.gov.np) मा गई download forms भन्दा तल रहेको passport application form मा click गर्ने ।

२. त्यसपछि "फाराम डाउनलोड गरी भरेर मात्र प्रिन्ट गर्नुहोस" मा click गर्ने र "फाराम डाउनलोड गर्नको लागि यहाँ Click गर्नुहोस" मा click गर्ने ।

३. यसरी Download भएको फाराममा Right click गरी Save as मा click गरी आफूले चाहेको location मा सेभ गरी उक्त फाइल close गर्ने ।

४. उक्त सेभ गरिएको फारामलाई पुनः खोली आफ्नो बैयक्तिक विवरण शुद्धसँग टाइप (caps lock नगरी)

गरी फाराम भर्ने । कसरी भर्ने  अर्थाक कुन महलमा के भर्ने भन्ने जानकारीको लागि तल नं. १ देखि १९ सम्मको विवरण राम्रोसँग हेर्नु होला ।

५. स्पेस दिनुपर्ने ठाउँमा Tab थिच्नुपर्ने छ ।

६. भरिसकिएको फारामलाई सेभ गर्न नमिल्ने भएकोले एकपटक पुन: सबै विवरण राम्रोसँग जाँच गरेर मात्र प्रिन्ट गर्ने । प्रिन्ट गर्दा Page Scaling को Option मा गई none मा click गर्ने ।

नोट: यही मिति १५ बैशाख २०७१ देखि लागू हुनेगरी नयाँ राहदानी आवेदन फाराम प्रचलनमा ल्याइएकोले अवदेखि पुरानो फारामको सट्टा नयाँ फाराम भर्नु पर्ने र हातले भरेको फाराम मान्य नहुने ।

साथै, एकपटक भरिसकेको नयाँ आवेदन फाराममा कुनै विवरण सच्याउनुपरेमा पुन: अर्को फाराम अनिवार्य रुपमा भर्नुपर्नेछ, टिपेक्स लगाई केरमेट गरिएको फाराम मान्य हुनेछैन ।

(ख) राहदानी अङ्ग्रेजी भाषामा तयार गरिने हुनाले राहदानी माग गर्ने निवेदकले तोकिएबमोजिमको फाराम अङ्ग्रेजी भाषामा टाइप गरी पेश गर्नु पर्नेछ । यदि स्पेस दिनु परेमा सो को लागि एक कोठा खाली छाड्नुपर्नेछ ।

(ग) निवेदकको नाम, थर तथा ठेगानालाई अङ्ग्रेजी भाषामा लेख्दा हिज्जे (spelling) फरक पर्न सक्ने हुँदा पूरानो राहदानी भएमा सो अनुसार र शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित हिज्जेलाई ध्यान दिनुपर्नेछ ।

(घ) राहदानीको निवेदन फाराममा १९ खण्डहरु रहेका छन् । ती खण्डहरुलाई निम्नानुसार क्रमैसँग कुनैपनि खण्ड नछोडी भर्नुपर्नेछ:

**(१) थर (Surname)** भर्दा निवेदकको नागरिकताको प्रमाणपत्रमा उल्लिखित थर लेख्नुपर्नेछ ।

**(२) नाम (Given Names)** भर्दा निवेदकको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको नामको पहिलो र बीचको नाम लेख्नु पर्नेछ । उदाहरणका लागि:

पूरा नाम कृष्ण बहादुर थापा भएका निवेदकले थरमा Thapa र नाममा Krishna Bahadur लेख्नुपर्नेछ ।

बिवाहित महिलाले आफ्नो माइती र पति दुवैको थर लेख्न चाहेमा त्यसो गर्न  सकिनेछ । जस्तै: गीता कुमारी गौतम खनाल पूरा नाम भएकी निवेदकले थरमा Gautam Khanal र नाममा Gita Kumari लेख्नु पर्नेछ । त्यस्तोमा विवाह दर्ताको प्रमाणपत्र पेश गर्नुपर्नेछ । बिवाहित महिलाले आफ्नो माइती तर्फको मात्र थर लेख्न चाहेमा त्यसो गर्न सकिनेछ । तर पति तर्फको थर राख्न चाहेमा विवाह दर्ताको प्रमाणपत्र पेश गर्नुपर्नेछ । नाम थर लेख्दा कोठा नपुगेमा कसरी लेख्ने भन्ने सम्बन्धमा सम्बन्धित नियोग वा राहदानी विभागमा फोनबाट सुझाव लिन सकिने छ ।

**(३) जन्मस्थान (Place of Birth)** नेपालमा भए जन्मेको जिल्ला र विदेशमा जन्मेको भए देशको नाम लेख्नु पर्ने छ ।

**(४) राष्ट्रियता (Nationality)** सम्बन्धी खण्ड भर्दा अङ्ग्रेजीमा NEPALESE भर्नु पर्नेछ ।

(५) **(क) जन्ममिति (Date of Birth)** खण्ड भर्दा निवेदकले नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्ममिति बिक्रम सम्वतमा (**वर्ष महिना र दिन**)र त्यसलाई रुपान्तरण गरी इश्वी सम्वतमा **वर्ष महिना र दिन**) समेत लेख्नु पर्नेछ । बिक्रम सम्वतबाट इश्वी सम्वतमा रुपान्तरण गर्दा ७ दिन सम्मको फरक परेमा सो को पुष्ट्याइ गर्ने प्रमाण पेश गरेमा सो बमोजिमको जन्ममिति राहदानीमा उल्लेख गर्न सकिनेछ । बिक्रम सम्वतबाट इश्वी सम्बतमा जन्ममिति रुपान्तरण गर्दा ३ दिन सम्म फरक परेमा त्यसको पुष्ट्याइ गर्ने थप प्रमाण पेश गर्नु पर्नेछैन ।

(ख) नागरिकताको प्रमाणपत्र र एस.एल.सी. वा सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममिति फरक परेमा शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममितिलाई मान्यता दिन सकिनेछ । त्यसका लागि निवेदकले शैक्षिक योग्यताको प्रमाणपत्रको सक्कल र एक प्रति प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

(ग) नागरिकताको प्रमाणपत्रमा जन्म मिति उल्लेख हुँदा जन्मेको वर्ष मात्र उल्लेख भएकोमा वा यति वर्ष उमेरको भनी उल्लेख भएकोमा निवेदकले पूरा जन्ममिति उल्लेख गर्न नचाहेको प्रष्ट कारण र प्रमाण खुलाई निवेदन गरेमा बाहेक सामान्यत: वर्ष फरक नपर्ने गरी निवेदकले जानकारी गराएको महिना र गते उल्लेख गर्न सकिनेछ । त्यसरी उल्लेख गर्न नसकेको अवस्थामा नागरिकताको प्रमाणपत्र जारी भएको मितिबाट उमेर घटाइ कायम हुन आउने जन्ममितिलाई निजको जन्ममिति मानी राहदानीमा उल्लेख गरिनेछ । नागरिकताको प्रमाणपत्रमा उमेर वा जन्म वर्ष मात्र उल्लेख भएको तर निवेदकको अन्य प्रमाणपत्रमा पूरा जन्ममिति रहेको पाइएमा बर्ष फरक नपर्ने गरी सो प्रमाणपत्र अनुसारको मितिलाई "राहदानीमा" उल्लेख गर्न सकिनेछ ।

(घ) बेलायती तथा भारतीय सेनामा काम गरेका भूतपूर्व सैनिकको नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्ममिति र निजको पेन्सनपट्टामा उल्लिखित जन्ममितिमा फरक परेमा बढिमा १ वर्ष सम्मको लागि सम्बन्धित गा.वि.स. वा नगरपालिकाको सिफारिसका आधारमा जिल्ला प्रशासन कार्यालयबाट लेखी आएमा सो अनुसारको जन्ममिति कायम गर्न सकिनेछ ।

**(६) लिङ्ग (Sex)** खण्ड भर्दा निवेदकको नागरिकताको प्रमाणपत्रमा उल्लिखित लिङ्ग भर्नु पर्नेछ ।

**(७) नागरिकता वा अनुमति नं. (Citizenship or Permit No.)** सम्बन्धी खण्ड भर्दा निवेदकको नागरिकताको प्रमाणपत्रको नम्बर भर्नुपर्नेछ । कारणवश निकै लामो नम्बर भई कोठा नपुगेको अवस्थामा स्पेश हटाएर अंक लेख्न सकिने छ । त्यो गर्दा पनि कोठा बाहिर पर्ने भएमा राजदूतावास वा राहदानी कार्यालयमा सम्पर्क गरी महत्वपूर्ण अंक समावेश गरी लेख्नु पर्ने छ ।

**(८) जारीमिति (Date of Issue)** मा नागरिकताको प्रमाणपत्र जारी भएको मिति (**वर्ष महिना र दिन**)उल्लेख गर्नुपर्नेछ ।

**(९) जारी भएको स्थान (Place of Issue)** मा नागरिकताको प्रमाणपत्र जारी भएको जिल्लाको नाम लेख्नुपर्नेछ ।

**(१०) पूरानो राहदानी वा यात्रा अनुमतिपत्र नं (Old Passport or Travel Document No.)** सम्बन्धी खण्ड भर्दा पहिले राहदानी लिएको भए उक्त राहदानीको नम्बर, पहिले एक भन्दा बढी राहदानी लिएको भएमा पछिल्लो राहदानीको नम्बर उल्लेख गर्नुपर्नेछ ।

**(१०A) जारी भएको मिति (Date of issue)** सम्बन्धी खण्ड भर्दा पूरानो राहदानी वा यात्रा अनुमति पत्र जारी भएको मिति (**वर्ष महिना र दिन**) उल्लेख गर्नुपर्नेछ ।

**(१०B) जारी भएको स्थान (Place of Issue)** सम्बन्धी खण्ड भर्दा पूरानो राहदानी वा यात्रा अनुमतिपत्र जारी भएको ठाउँ उल्लेख गर्नुपर्नेछ । नेपालमा भए जिल्लाको नाम र विदेशमा भए मुलुकको नाम लेख्नु पर्ने छ ।

**(११) ठेगाना (Address)** सम्बन्धी खण्ड भर्दा निवेदकको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको ठेगाना भर्नुपर्नेछ । बसाइँ सराइ गरी ठेगाना परिवर्तन भएकोमा बसाइँ सराइको प्रमाणपत्र वा निर्वाचन आयोगले जारी गरेको मतदाता परिचयपत्रको प्रतिलिपि पेश गरी बसाइँ सरेको ठाउँको ठेगाना लेख्न सकिनेछ ।

(११A-E) ११A देखि E सम्मका खण्ड भर्दा निवेदकको स्थायी ठेगाना भएको जिल्ला, नगरपालिका वा गा.वि.स., वडा नम्बर, टोल वा गाउँको नाम र घर नम्बर/ब्लक नम्बर भएमा सो समेत क्रमैसँग लेख्नुपर्नेछ । घर नम्बर/ब्लक नम्बर नहुनेले घर नम्बरको ठाउँ खाली छाड्न सकिनेछ ।

**(१२) इमेल (E-mail)** सम्बन्धी खण्डमा निवेदकको सम्पर्क इमेल ठेगाना भएमा प्रष्टसँग उल्लेख गर्नुपर्नेछ ।

**(१३) फोन नं. (Phone No.)** सम्बन्धी खण्डमा निवेदकको फोन नं भएमा प्रष्टसँग उल्लेख गर्नुपर्नेछ । आफ्नो फोन नभएमा परिवारका सदस्य वा नजिकका चिनजानका व्यक्तिको नम्बर दिन सकिने छ । **विदेशमा रहनेको हकमा विदेशको नम्बर समेत दिनु होला । तयार भएको राहदानीको जानकारी दिन वा कुनै प्रश्न सोध्न परेको सम्पर्क हुन सक्ने नम्बर लेख्नु पर्नेछ ।**

**(१४) आपत परेमा खबर गर्ने निकटतम व्यक्तिको (Next of Kin)** खण्डमा निवेदक विदेशमा छँदा कुनै संकट परेमा नेपालमा खबर गर्न सकिने निवेदकको परिवारको सदस्य वा आफन्त नाम र ठेगाना भर्नुपर्नेछ ।

(१४A-G)१४A देखि १४G सम्मका खण्डमा निवेदक विदेशमा छँदा आपत परेम नेपालमा खबर गर्ने व्यक्तिको पूरा नाम थर, ठेगाना, जिल्ला, गा.वि.स./न.पा., वडा नं, टोल/गाँउ, घर नम्बर, समेत क्रमैसँग भर्नुपर्नेछ ।

**(१५) नाता (Relationship)** सम्बन्धी खण्डमा आपत परेको बेलामा खबर गर्नुपर्ने व्यक्तिसँग निवेदकको के नाता पर्छ सो उल्लेख गर्नुपर्नेछ ।

**(१६) फोन नं.(Phone No.)** सम्बन्धी खण्डमा आपत परेमा खबर गर्नुपर्ने व्यक्तिको **नेपालको** फोन नम्बर भएमा सो लेख्नुपर्नेछ ।

**(१७) इमेल (E-mail)** सम्बन्धी खण्डमा आपत परेमा खबर गर्नुपर्ने व्यक्तिको इमेल भएमा सो प्रष्टसँग लेख्नुपर्नेछ **(१८) फारामको अन्त्यमा निवेदकको दायाँ र बायाँ बुढी औंलाको छाप प्रष्टसँग लगाउनुपर्नेछ ।** निवेदकको सही (Applicant's Signature) लेखिएको भन्दा माथि रहेको कोठामा निवेदकले पूरा हस्ताक्षर

गर्नुपर्नेछ । उक्त हस्ताक्षर डिजिटल प्रविधिबाट निवेदकको राहदानीमा राख्नुपर्ने हुँदा हस्ताक्षर पूरा र प्रष्ट नभएमा निवेदक स्वयं जिम्मेवार हुनुपर्नेछ । निरक्षर भएमा हस्ताक्षर गर्नुपर्ने बक्समा × चिन्ह लगाउनु पर्नेछ । हस्ताक्षर गर्दा कोठाको रेखा छुनु हुँदैन । स्कानरले नलिने हुँदा कारणवस लाइन छोइएमा अर्को फाराम भर्नु पर्ने छ । औंलाको छाप सकेसम्म कोठा भित्र पर्ने गरी छाप लगाउन पर्ने छ

** उल्लेख भएका सबै खण्डहरु अनिवार्य रुपले भर्नु पर्ने छ । मिति उल्लेख गरिएकोमा बर्ष, महिना र तारिख सबै उल्लेख गर्नु पर्ने छ । एउटा मात्र छुटेमा Software ले स्वीकार गर्दैन ।*

---------------------------------------------------------------------------------

**सबैभन्दा बढी गल्ती हुने गरेका निम्न कुराहरुमा विशेष ध्यान पुऱ्याउनु हुन अनुरोध गरिन्छ :**

**क) फाराम प्रिन्ट गर्दा साइज नमिलेको ।**

राहदानी फाराममा अक्षर/कोठाले ओगटको भाग Standard Margin भन्दा अलि ठूलो हुनाले Print गर्दा प्रिन्टिङ्ग सेटिङ्गले Fit to Page अथवा Shrink to Printable Size, Minize to printable Size आदि भन्न सक्छ । तर यसो गर्नु हुँदैन Actual Size मा Print गर्नु पर्दछ । अन्यथा स्कानरले लिदैन । फोटोकपी गरेको फारम प्रयोग गर्नु हुँदैन ।

**ख) विवरण छुटेको: फाराम भर्दा स्टार** (*) भएको सबै खण्ड मध्ये कुनै एक खण्ड छुटे पनि Software ले फाराम स्वीकार गर्दैन । त्यसैले (*) भएको सबै खण्ड भर्नु पर्ने छ ।

**ग) हस्ताक्षर गर्दा कोठा छोएको :** हस्ताक्षर गर्दा थोरै मात्र कोठा छोए पनि स्कानरले फारम लिदैन ।

**घ) विवरण पुरा नभरेको वा गल्ती भरेको** : जन्म मिति पुरै तारिख सहित नलेखेमा, विक्रम संवत लेख्नु पर्नेमा AD (सन्) मा लेखेमा र AD मा लेख्नु पर्ने वि.सं. मा लेखेमा । **मिति लेख्दा वर्ष महिना र दिन लेख्नु पर्नेमा अन्यथा लेखिएको** । नाम ठेगाना वडा नम्बर, पुरानो राहरानी सम्बन्धी अन्य विवरण आदि फाराममा तोकिएका विवरण पुरै भर्नु पर्दछ ।

**ङ.) फोटोको तोकिएको गुणस्तर र मापदण्ड नपुगेको :** जस्तै ७०-८० प्रतिशत फेस कभरेज नभएको, Resolution नपुगेको, साइज 35x45 MM नभएको, दागी लागेको, कान छोपिएको **र पृष्ठमूभी सरंगिन भएको** हुनु हुँदैन । साथै ६ महिना भित्र खिचेको फोटो हुनु पर्दछ र पृष्ठभूमि (Background) सादा र हलुका रंगको हुनु पर्दछ । अगाडि फर्केको, दुबै कान देखिने, आँखाले क्यामरा हेरेको, टाउको पूरा र काँधको केही भाग देखिने, मुख बन्द भएको, रातो आँखा नभएको, साथमा अरु व्यक्ति नभएको, धेरै चहकिलो लुगा नलगाएको, छायाँ नदेखिने अर्थात ICAO ले तोकेको मापदण्ड नपुगेको हुनु पर्दछ । चश्मा प्रयोग गर्ने भए स्पष्ट आँखा देखिने हुनु पर्दछ । सकेसम्म चस्मा प्रयोग नगरेको । धैरै मोटो फ्रेम भएको, फोटो खिच्दा प्रकाश Reflection भएको र रंगिन शिशा भएको हुनु हुँदैन । सास्कृतिक वा स्वास्थ्य सम्बन्धी कारण बाहेक **अन्य अवस्थामा कपाल नढाकेको ।**

**विदेशस्थित नेपाली नियोगहरुले यात्रा अनुमतिपत्र जारी गर्ने व्यवस्था:**

(१)    विदेशमा रहेको कुनै नेपाली नागरिकको राहदानी हराएको वा नासिएको कारणले नेपाल फर्कन असमर्थ भएको कारण र प्रमाणसहित राहदानी प्राप्त गर्नका लागि आवश्यक पर्ने  प्रकृया पूरा गरी सम्बन्धित देश वा नजिकको नियोग समक्ष निवेदन दिएमा,

(२) यसरी जारी गरिने यात्रा अनुमतिपत्र वहाल रहने अवधि त्यस्तो अनुमतिपत्र जारी गर्ने अधिकारीले तोके बमोजिम हुनेछ ।

**Machine Readable Passport को फोटो र प्रिन्ट गर्दाको नमूनाहरु**

**फोटाको नमूना:**







**फाराम प्रिन्ट गर्ने तरिका**




**नेपाली राजदूतावास**

**बैंकक ।**

**फोन: ०२३९०२२८०, ०२३९१७२४०**

**फ्याक्स : ०२३८१२४०६**

**Email: bangkok@mofa.gov.np**

**www.nepalembassubangkok.com**